**आकाशवाणी समाचार- नेपाली**

**मितिः १८ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले गोथेनबर्गमा स्विडेनी प्रधानमन्त्री उल्फ क्रिस्टरसनसँग वार्ता गर्नुभयो। प्रधानमन्त्री श्री मोदीलाई स्वीडेनको सर्वोच्च सम्मान **'रॉयल ऑर्डर ऑफ द पोलर स्टार, डिग्री कमांडर ग्रैंड क्रॉस'** -ले सम्मानित गरिएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी पाँच देशको भ्रमणको चौथो चरणमा आज नर्वे पुग्नु हुनेछ।

३. केन्द्रीय गृहमन्त्री अमित शाह छत्तीसगढको दुई दिने भ्रमणमा हिजो साँझ रायपुर पुग्नु भएको छ।

४. केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा ७९ औं विश्व स्वास्थ्य सभामा भाग लिन स्विट्जरल्याण्ड पुग्नुभएको छ।

५. कांग्रेस नेता वी.डी. सतीसनले आज केरलमको मुख्यमन्त्रीको रूपमा शपथ लिनु हुनेछ।

**प्रधानमन्त्री - स्वीडेन - रणनीतिक साझेदारी**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो राति गोथेनबर्गमा स्विडेनी प्रधानमन्त्री उल्फ क्रिस्टरसनसँग वार्ता गर्नुभयो। श्री मोदी स्वीडेनको दुई दिने भ्रमणको लागि हिजो गोथेनबर्ग पुग्नु भएको थियो । दुई देशहरूबीचको पारस्परिक सम्बन्धमा असाधारण योगदान र उहाँको दूरदर्शी नेतृत्वको सम्मानमा प्रधानमन्त्री श्री मोदीलाई स्वीडेनको सर्वोच्च सम्मान **'रॉयल ऑर्डर ऑफ द पोलर स्टार, डिग्री कमांडर ग्रैंड क्रॉस'** -ले सम्मानित गरिएको छ। यो सम्मान कुनै देशको प्रमुखलाई प्रदान गरिएको सर्वोच्च सम्मान हो। यो प्रधानमन्त्री श्री मोदीको ३१ औं अन्तर्राष्ट्रिय सम्मान हो।

प्रतिनिधिमण्डल-स्तरीय वार्ताको क्रममा दुवै नेताहरूले भारत-स्वीडेन सम्बन्धका सबै पक्षहरूको समीक्षा गर्नु भयो। यी छलफलहरूको क्रममा द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरमा सहमति भएको थियो।

**बाइट**

बैठकको क्रममा राजकुमारी भिक्टोरियाले स्वीडेनका राजा र रानीको तर्फबाट शुभकामना व्यक्त गर्नु भयो। न्यानो स्वागतको लागि कृतज्ञता व्यक्त गर्नु हुँदै प्रधानमन्त्री श्री मोदीले राजा कार्ल सोह्रौं गुस्ताफलाई उहाँको ८० औं जन्मदिनको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्नु भयो। यसअघि, प्रधानमन्त्रीको विमान स्विडेनी हवाई क्षेत्रमा प्रवेश गर्दा स्विडेनी वायु सेनाका लडाकु विमानहरूले सुरक्षा एस्कर्ट प्रदान गरेका थिए। विमानस्थलमा पुग्नु भएपछि स्वीडेनी प्रधानमन्त्रीले श्री मोदीलाई न्यानो स्वागत गर्नु भयो।

गोथेनबर्ग पुग्नासाथ श्री मोदीले प्रवासी भारतीयहरूसँग अन्तरक्रिया गर्नु भयो। प्रवासी भारतीयहरूले श्री मोदीलाई संगीतमय प्रस्तुतिद्वारा स्वागत गरेका थिए।

**बिरला - मोदी**

लोकसभा अध्यक्ष ओम बिरलाले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वीडेनको रोयल अर्डर अफ द पोलर स्टार, कमाण्डर ग्रान्ड क्रसबाट सम्मानित हुनु भएकोमा बधाई दिनु भएको छ। श्री बिरलाले यो प्रतिष्ठित सम्मानले दूरदर्शी नेतृत्व र विश्वभर भारतको बढ्दो प्रतिष्ठालाई प्रतिबिम्बित गर्ने बताउनु भयो। उहाँले अझ भन्नु भयो, यो सम्मानले भारत र स्वीडेनबीचको मित्रता र

रणनीतिक साझेदारीलाई अझ बलियो बनाउनेछ। लोकसभा अध्यक्षले यो प्रत्येक भारतीयको लागि अपार गर्व र प्रेरणाको क्षण भएको बताउनु भएको छ।

**गोयल – प्रधानमन्त्री**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वीडेनको सर्वोच्च सम्मान, रोयल अर्डर अफ द पोलर स्टार (कमाण्डर ग्रान्ड क्रस) बाट सम्मानित हुनु भएकोमा बधाई दिनु भएको छ। श्री गोयलले यो राष्ट्रिय गौरवको क्षण भएको बताउनु भएको छ। श्री गोयलले भन्नु भयो, प्रधानमन्त्रीलाई प्रदान गरिएको यो ३१ औं अन्तर्राष्ट्रिय सम्मानले श्री मोदीप्रति विश्वव्यापी प्रशंसाका साथै उहाँको नेतृत्वमा भारतप्रति बढ्दो सम्मानलाई प्रतिबिम्बित गर्दछ।

**प्रधानमन्त्री-सीईओ संवाद**

गोथेनबर्गमा छानिएका स्विडेनी कम्पनीहरूका प्रमुख कार्यकारी अधिकारीसँगको अन्तरक्रियाको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले स्वीडेनी फर्महरूलाई उत्पादन, हरित हाइड्रोजन मिसन, स्वच्छ ऊर्जा र अन्य जस्ता क्षेत्रहरूमा भारतमा आफ्नो उपस्थिति विस्तार गर्न आग्रह गर्नु भयो। लोकतन्त्र, पारदर्शिता, नवप्रवर्तन र दिगोपनको साझा मूल्यमा आधारित भारत र स्वीडेनबीचको सम्बन्धलाई जोड दिनु हुँदै श्री मोदीले नवप्रवर्तन र दिगोपनमा स्वीडेनको क्षमताहरूलाई भारतको विशाल स्केल, प्रतिभा पूल र वृद्धि गतिसँग संयोजन गर्न आह्वान गर्नु भयो। भारतको द्रुत आर्थिक परिवर्तनलाई उजागर गर्नु हुँदै श्री मोदीले देशको बलियो घरेलु माग, डिजिटल सार्वजनिक पूर्वाधार, उत्पादन विस्तार र आगामी पुस्ताको पूर्वाधार विकासमा ध्यान आकर्षित गर्नु भयो। चर्चाहरू लचिलो आपूर्ति शृङ्खला, हरित संक्रमण, दिगो गतिशीलता, जीवन विज्ञान र डिजिटल प्रविधिहरू जस्ता क्षेत्रहरूमा सहयोगलाई सुदृढ पार्नमा पनि केन्द्रित थिए। प्रधानमन्त्रीले २१ औं शताब्दीको लागि समाधानहरू सह-सिर्जना गर्न स्वीडेनको नवप्रवर्तन र दिगोपन क्षमताहरूलाई भारतको विशाल स्केल, प्रतिभा र विकासको गतिको साथ जोड्नुमा महत्व दिनु भयो।

**प्रधानमन्त्रीको नर्वे भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी पाँच देशको भ्रमणको चौथो चरणमा आज नर्वे पुग्नु हुनेछ। यो प्रधानमन्त्री मोदीको नर्वे पहिलो भ्रमण हुनेछ। श्री मोदी विगत ४३ वर्षमा नर्वे भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री हुन्। भ्रमणको क्रममा श्री मोदी तेस्रो भारत-नोर्डिक शिखर सम्मेलनमा भाग लिनुहुनेछ र द्विपक्षीय बैठकहरू गर्नुहुनेछ। प्रधानमन्त्रीले नर्वेका राजा हाराल्ड पाँचौं र रानी सोन्जालाई भेट्नु हुनेछ। श्री मोदीले नर्वेका प्रधानमन्त्री जोनास गहर स्टोरसँग द्विपक्षीय वार्ता पनि गर्ने कार्यक्रम छ। प्रधानमन्त्रीले आफ्ना नर्वेली समकक्षीसँग भारत-नोर्डिक व्यापार तथा अनुसन्धान शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। यस कार्यक्रमको क्रममा भारत-नोर्डिक सम्बन्धमा प्राप्त प्रगतिको समीक्षा गरिनेछ। थप रूपमा छलफलहरू यी सम्बन्धहरूलाई अझ सुदृढ पार्नमा केन्द्रित हुने अपेक्षा गरिएको छ| विशेष गरी स्वच्छ र हरित प्रौद्योगिकी तथा समुद्री अर्थव्यवस्थामा ध्यान केन्द्रित गर्दै सम्बन्धलाई अझ मजबूत गर्ने बारेमा बातचीत हुने सम्भावना छ।

**अमित शाह – छत्तीसगढ**

केन्द्रीय गृहमन्त्री अमित शाह छत्तीसगढको दुई दिने भ्रमणमा हिजो साँझ रायपुर पुग्नु भएको छ। यस भ्रमणको क्रममा श्री शाह रायपुर र बस्तरमा धैरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

**नड्डा – स्विट्जरल्याण्ड**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा ७९ औं विश्व स्वास्थ्य सभामा भाग लिन स्विट्जरल्याण्ड पुग्नुभएको छ। यो छ दिने सम्मेलन आज जेनेभामा सुरु हुँदैछ। श्री नड्डाले यस वर्षको विषयवस्तु " वैश्विक स्वास्थ्यलाई नयाँ आकार दिनु : एक साझा दायित्व" - ले विश्वव्यापी स्वास्थ्य चुनौतीहरूलाई सम्बोधन गर्न सामूहिक कार्यको महत्त्वलाई जोड दिने बताउनु भयो। उहाँले भन्नु भयो, यो सभाले १६५ भन्दा बढी देशका स्वास्थ्य मन्त्रीहरू, प्रतिष्ठित व्यक्तिहरू

र जनस्वास्थ्य विशेषज्ञहरूलाई एउटै मञ्चमा ल्याउनेछ। सम्मेलनले बलियो, थप समावेशी र लचिलो स्वास्थ्य प्रणाली निर्माण गर्ने साझा विश्वव्यापी प्रतिबद्धतालाई पुन: पुष्टि गर्नेछ।

**केरलम – शपथ ग्रहण समारोह**

कांग्रेस नेता वी.डी. सतीसनले आज केरलमको मुख्यमन्त्रीको रूपमा शपथ लिनु हुनेछ। मुख्यमन्त्री-निर्वाचित सतीसनले आज हुने शपथ ग्रहण समारोह अघि हिजो २१ सदस्यीय युडीएफ मन्त्रिपरिषद्को घोषणा गर्नु भयो। आज शपथ लिने २१ मन्त्रीहरूमध्ये १४ जना - सतीसन आफैं पनि - पहिलो पटक मन्त्री बन्दै हुनु हुन्छ। राज्यपाल राजेन्द्र अर्लेकरलाई मन्त्रीहरूको सूची बुझाएपछि मन्त्रिपरिषद्को घोषणा गर्नु हुँदै सतीसनले युडीएफ मन्त्रिपरिषद्का सबै सदस्यहरूले सँगै शपथ लिने बताउनु भएको छ।

मुख्यमन्त्री पदको अतिरिक्त कांग्रेस पार्टीले ११ मन्त्री पद सुरक्षित गरेको छ, जबकि इंडियन यूनियन मुस्लिम लीग (आईयूएमएल) लाई पाँचवटा विभाग बाँडफाँड गरिएको छ। केरलम कांग्रेस (जोसेफ), रिवोल्यूशनरी सोशलिस्ट पार्टी (आरएसपी), केरला कांग्रेस (जैकब) र कम्युनिस्ट मार्क्सिस्ट पार्टी (सीएमपी) ले प्रत्येकले एक-एक मन्त्री पद प्राप्त गरेका छन्। श्री सतीसनले तिरुवान्चूर राधाकृष्णनलाई अध्यक्ष र शनिमोल उस्मानलाई उप अध्यक्षको रूपमा काम गर्ने घोषणा पनि गर्नु भएको छ।

**दिल्ली – विकास परियोजनाहरू**

दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले हिजो द्वारका विधानसभा क्षेत्रमा लगभग १०० करोड रुपियाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो। मुख्यमन्त्रीले यी परियोजनाहरू पूरा भएपछि यस क्षेत्रलाई पानी जम्ने, क्षतिग्रस्त सडकहरू, ओभरफ्लो हुने ढल र बिजुली आपूर्ति सम्बन्धी समस्याहरूबाट मुक्ति मिल्ने बताउनुभयो।